नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक २१ | २०७७ साल साउन २७ गते मंगलबार (11 Aug 2020 Tuesday) | मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : नेकपा विवाद : देश लुट्ने र ... ३ पृष्ठमा : विदेशबाट झण्डै आधा.. ३ पृष्ठमा : तालिबान अफगान ...

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कुनै अभियोगमा कसूरदार ठहर भए पछी मात्र सजाय निर्धारण हुने,
- बालवालिकालाई सजाय निर्धारण गर्दा बालबालिकाको सर्वोत्तम हित समेतलाई विचार गर्नु पर्ने,
- जरिबाना लागेको व्यक्तिले किस्ताबन्दीमा जरिबाना तिर्न सकिने,
- पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक, भावनात्मक क्षतिवापत क्षतिपूर्ति भराई दिनु पर्ने,
- कैदको विकल्पको रुपमा सामुदायिक सेवा, सुधार गृह, पुनर्स्थापना केन्द्र, खुला कारागार, प्यारोल, कैद वापत श्रम सामाजिकीकरण लगायतका उपाय अवलम्बन गर्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# मलामी गएको तस्बिर खिचेपछि पत्रकारको परिवारमाथि आक्रमण



**दैनिक समाचारदाता**
**राजविराज, २६ साउन ।**

करेन्ट लागेर मृत्यु भएका एक व्यक्तिको अन्तिम संस्कारका लागि मलामी गएको भींडको तस्बिर खिचेपछि सप्तरीका एक पत्रकारका परिवारमाथि सोमबार साँझ आक्रमण भएको छ ।

सप्तरी सदरमुकाम राजविराज वडा नम्बर १ निवासी ४० बर्षीय निजामुद्दिनको सोमबार बिहान करेन्ट लागेर मृत्यु भएको थियो । मृत्यु भएका निजामुद्दिनको अन्तिम संस्कारका लागि झण्डै २ सय जना मलामी गएको देखेपछि पत्रकार परिष कर्णले सो तस्बिर खिचेका थिए ।

स्थानिय प्रशासनले कोरोना संक्रमणबाट जोगिन जिल्लामा निषेधाज्ञा लगाइएको समयमा भींड जम्मा भएको देखेपछि आफूले सो तस्बिर घरबाटै लिएको पत्रकार कर्णले बताएका छन् ।

यता तस्बिर लिएर कार्यालयतर्फ गए लगत्तै मलामी गएकामध्ये ८/१० जनाको समूह उनको घरभित्र पसेर आमा र दुई जना भाईलाइ कुटपिट गरेको पत्रकार कर्णले बताए ।

सो घटनाप्रति नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष जितेन्द्र खड्गा सो घट्नाले गर्दा पत्रकार र उनका परिवार असुरक्षित भएको देखिएको बताउँदै घट्नामा संलग्न व्यक्तिलाई अबिलम्ब छानबिन गरी दोषीलाई कार्वाही गर्न माग गरेका छन् ।

यस्तै फोटो पत्रकार महासंघ सप्तरीका अध्यक्ष मनोज कुमार माझीले घटनाप्रति दुःख व्यक्त गर्दै निषेधाज्ञा जारि भएको समयमा यसरी भिंड जम्मा गरेर अन्तिम संस्कार गर्नु निषेधाज्ञाको उलंघन भएको बताए । उनले घटनामा संलग्न व्यक्तिहरुको पहिचान गरि कारवाहीका लागि प्रशासन समक्ष माँग गरेका छन् ।

# करेन्ट लागेर कुखुरा फर्म संचालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २६ साउन ।**

सप्तरीमा करेन्ट लागेर एक कुखुरा फर्म संचालकको मृत्यु भएको छ ।

राजविराज नगरपालिका वडा नं. १ रहमदपुर टोल निवासी ४० वर्षिय मो. नजामुद्दिनको सोमबार बिहान करेन्ट लागेर मृत्यु भएको हो ।

कुखुरालाई अन्य जिवजन्तुबाट जोगाउन फर्म वरिपरी बिजुलीको तार लगाई गरिएको करेन्ट प्रवाहमा परि उनको मृत्यु भएको वडा अध्यक्ष चन्दशेखर चौधरीले जानकारी दिएका छन् ।

फर्ममा रहेका कुखुरा अन्य जिवजन्तुले आएर खाइदिएर हैरान बनाएपछि उनले रातीको समयमा फर्म वरिपरी बिजुली तार बिच्छ्याई करेन्ट प्रवाह गर्ने गरेको वडा अध्यक्ष चौधरीले बताए ।

# ट्याक्टरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २६ साउन ।**

राजविराज नगरपालिका वडा नं. १ स्थित भित्री सडक खण्डमा ट्याक्टरको ठक्करबाट एक मोटरसाइकल चालकको मृत्यु भएको छ ।

*बाँकी तीन पृष्ठमा*




# पाँच जना राँगा कारोबारी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २६ साउन ।**

सप्तरीको खडक नगरपालिका वडा नं. ५ स्थित चापीन खोला किनारमा राँगाको अवैध कारोबारमा संलग्न पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ ।

अवैध रुपमा राँगा ओसारपोसार कार्यमा संलग्न रहेको आरोपमा उनीहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

पक्राउ पर्नेहरुमा राजविराज नगरपालिका १० का रामप्रसाद सदा, मो. इस्लाम मियाँ, कंचनरुप नगरपालिका ६ का मो. इब्राहिम मियाँ, मो. नौसाद मियाँ तथा रुपनी गाउँपालिकाका भुपेन्द्र शर्मा हुन् ।

आइतबार राती चापिन खोला किनारमा स.१ज. ४४८ नम्बरको पिकअप भ्यानमा ३५ वटा राँगा लोड गरि अवैध रुपमा अन्यत्र लगिरेहको गोप्य सूचनापछि इलाका प्रहरी कार्यालय कडरबोनाबाट खटेको टोलीले उनीहरुलाई पक्राउ गरेको डिएसपी तिलक भारतीले बताए ।

बरामद राँगा तथा गाडीसहित पशु कारोबारीलाई सोमबार आवश्यक कारवाहीका लागि बेल्ही भन्सार कार्यालय चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# इन्जिनीयर साह रङ्गेहात पक्राउ

काठमाडौँ, २६ साउन (रासस) ।

नेपाल खानेपानी संस्थान बुटवलका प्रमुख इन्जिनीयर सन्तोष साह घुस लिएको अभियोगमा पक्राउ परेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले निजलाई रु दुई लाख ३३ हजार ५०० नगद र बैंकमा जम्मा गरेको रु आठ लाख २२ हजारको भौचरसहित आइतबार अपराह्न धादिङको धुनिबेँसीबाट पक्राउ गरेको हो ।

अभियुक्तले खानेपानी शाखा कार्यालयका सेवाग्राहीसँग घुसबापतको रकम उठाएर काठमाडौँ आएको सूचनाका आधारमा आयोगको केन्द्रीय कार्यालयबाट खटिएको टोलीले उहाँलाई पक्राउ गरेको आयोगले सोमबार जनाएको छ ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

### विवादको समाधान कुटपिट होइन

कुनै पनि समस्याको समाधान गर्ने निकाय हुन्छ । सो निकायसम्म पुगेर समस्याको समाधान गर्ने प्रावधान हुँदै हुँदै पनि आफै कुटपिटमा उत्रनु कानुन विपरीत हुन जान्छ । पत्रकारको हकमा कुनै पनि समाचार प्रकाशित वा सम्प्रेशन भएको खण्डमा आफूलाई चित्त नबुझ्दा त्यसको खण्डन गर्ने वा समाधान गर्ने निकाय छ । राजविराजस्थित एक जनाको अन्तिम संस्कार गर्दाखेरीको पत्रकारले फोटो खिचेकै निहुँमा उनको घरमै पसेर परिवारमाथी आक्रमण गर्नु कानुनको उलंघन गर्नु हो । कुन कुरामा चित्त नबुझेको वा सम्बन्धी विषयको निकायमा आफ्नो गुनासो वा असहमति राख्नु पर्ने प्रावधान छ । तर त्यसको उपयोग नगरि ठाडै आक्रमण गर्ने प्रवृती असोभनिय हो ।

पत्रकारको विषयमा मात्र नभएर कसैले पनि कुनै पनि वहानामा घरमा पसेर गुण्डागर्दी शैलीमा कुटपिट गर्नु अराजकता उत्पन्न गर्नु हो । सभ्य समाज निर्माणका लागि सबै मिलेर कुनै पनि समस्याको समाधान निकाल्नु नै बुद्धिमानी हो ।

तसर्थ समाजमा बस्ने वातावरण निर्माणका लागि चित्त नबुझेको विषयमा समाजका अगुवा वा सम्बन्धीत निकायमा कुरा राखेर समाधान गर्न सके सबैको हितमा हुन्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# नेकपा विवाद : देश लुट्ने र शासनसत्तामा बसेर संवैधानिक पदहरु बाँडफाँड गर्ने दाउ



**हरिचरण साह**

नेपाल कम्युनिष्ट पार्टीभित्रको विवाद सत्ता र पदका बाँडफाँडका लागि मात्रै हो । यिनीहरुको विवाद कुनै नीति वा सिद्धान्तको लागि होइन । केपी ओली र प्रचण्डले जसरी झण्डै दुई तिहाइको बहुमत पाए, त्यो अनमेल विवाह भएको जस्तो हो । ओली शरणम् गएको प्रचण्डले केही गर्न सक्दैन भन्ने लाग्छ । प्रचण्डले केपी ओलीको राजीनामा गराउन सक्दैनन् । माधव नेपाल त एउटा नाटककार हुन्, पहिलेदेखिका भ्रष्टाचारी हुन् । यिनीहरुको एकल जातीय शासन जुन स्थापित भएको छ, त्यसमा प्रचण्ड पनि सहपाठी भएको हुनाले यिनीहरुको पदीय लोलुप्ता मात्रै हो । संवैधानिक पदहरुको बाँडफाँडको कुरा मात्रै नमिलेको हो । ठूलठूला भ्रष्टाचारहरु भइरहेका छन्, त्यसमा मैले खान पाइन भन्ने यिनीहरुको भित्री आवेग मात्रै निस्केको हो । प्रचण्ड, माधव नेपाल र झलनाथ खनाल पहिला पनि प्रधानमन्त्री भइसकेका छन्, यिनीहरुले देखेका छन् कि यसरी लुट्न सकिन्छ । अहिले लुट्ने कुरामा एक्लै ओली गुटले मात्रै लुटिरहेकोले यिनीहरुलाई छटपटी भइरहेको छ । त्यसले गर्दा मात्रै नेकपाभित्र यस्तो विवाद देखिएको हो ।

नेकपाले चाह्यो भने केन्द्रीय कमिटीको निर्णय गरी ओलीलाई पार्टी अध्यक्षबाट फिर्ता बोलाउने अधिकार हुन्छ । तर, महाधिवेशनबाट केपी ओलीलाई अध्यक्ष पदबाट हटाउन सक्छ भने संसदीय दलबाट निर्णय गरेर संसदबाट प्रधानमन्त्रीलाई फिर्ता बोलाउन सकिन्छ ।

नेपालमा अहिलेसम्म विभिन्न शासन व्यवस्थाहरु परिवर्तन हुँदै आएको इतिहास त हामीसँग छँदैछ नि । त्यत्रो जनताको शहादत प्राप्त भएर, हामीले बहुदलीय व्यवस्थाका लागि त्यति लडाइ गरेका हौं । २०३६ सालमा जब पञ्चेहरुले बहुदलीय आन्दोलनमा प्रहार गर्दै थिए त्यतिबेला हामी आन्दोलनमा थियौं । त्यसकारणले सत्ताधारी दलले गल्ती गर्दै गए भने शासन व्यवस्था परिवर्तन हुँदैन भन्न सकिन्न । तर, जनतालाई सन्तुष्ट गर्न गाह्रो छ । विश्वमा लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाभन्दा कुन चाहीँ राम्रो व्यवस्था हुन सक्छ त ? त्यसकारणले अहिलेको शासन व्यवस्था परिवर्तन हुने सम्भावना छैन । नेपाली जनता दलले त्यसको सम्भावना देख्दैन । कसैले चीनको सी जिनपिङ नीति, एकल पार्टी नीति ल्याउँछु अथवा पहिलेको जस्तो राजतन्त्र ल्याउँछु भनेर सोच्नु गल्ती हुनेछ । जनतामा यति सचेतना छ कि लोकतान्त्रिक गणतान्त्रिक शासन उपभोग गर्न पाउनुपर्छ । त्यसकारणले व्यक्ति परिवर्तन हुन्छ, पार्टी परिर्वन हुन्छ । अर्को नयाँ शक्ति उभार भएर आउनसक्छ तर यो लोकतान्त्रिक गणतान्त्रिकमाथि कुनै किसिमको संकट छैन । यदि कसैले दुष्प्रयास गर्छ भने असफल हुन्छ ।

केपी ओलीले पहिला पनि भनेकै छन् कि बैलगाडामा चढेर गणतन्त्रसम्म पुग्न सकिन्छ र त्यसरी भन्ने व्यक्तिहरु अहिले परिवर्तित भएर आएका छन्, गणतन्त्रलाई स्वीकार गरेका छन् । जनताद्वारा जनताकै सरकार बनेको छ । अब गल्ती गर्छन् भने जनताले हेरिरहेका छन्, परिवर्तन गर्छन् । अब दुई वर्ष बाँकी छ चुनावको लागि । अहिले कोरोना महामारीको बेलामा जनता छटपटाइरहेका छन्, सरकारले कोरोना रोकथामका लागि राम्रोसँग व्यवस्थापन गर्न सकिरहेको छैन । सरकारले कोरोना महामारी रोकथाम तथा राहतमा ध्यान दिनुपर्ने हो । तर, सरकारले आफ्नो अकर्मण्यता लुकाउनका लागि राजीनामा जस्ता कुराहरु उठाइरहेका छन् । कोरोना महामारीबाट जनताको ध्यान भड्काउनका लागि केपी ओलीले नक्सा प्रकरण ल्याएर नेपाल र भारतको सम्बन्ध बिग्रँदै गएको छ । यो विषयमा भारतले छिटो वार्ता गर्नुपर्दथ्यो । हाम्रो यस्तो सुमधुर सम्बन्धलाई किन बिगार्ने भनेर पनि भारतले वार्ता गर्नु पर्दथ्यो । अर्को कुरा यो दुई तिहाइको सरकार ढाल्नेतिर जानुभन्दा स्थिरताका लागि विधिसम्मत तरिकाले देशको संविधानलाई पालना गर्नुपर्छ । सरकार परिवर्तनका लागि चुनाव नजिकिँदै गएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको चालाखीपूर्ण अभिव्यक्तिहरुले आफ्नो र पार्टीको पक्षमा जनमत जुटाउने खोक्रो राष्ट्रवाद मात्रै हो । यो कुरा उहाँ माहिर हुनुहुन्छ । त्यतिखेर संविधानमा सबै अधिकार समेटिनुपर्छ भनेर म पनि वकालत गरिरहेको थिएँ, ५४ बुँदे संशोधन प्रस्ताव राखेको थिएँ । म मधेशको मान्छे भएपनि हिमाल, पहाड, तराई, मेचीदेखि महाकालीसम्म सबै नेपाली हौं भनेर सामाजिक न्यायका लागि जुन लडाइ लडिरहेको बखतमा केपी ओलीको खोक्रो राष्ट्रवादी अभिव्यक्तिले मात्र नेकपाको आज यो बहुमत आएको छ । उनले कुनै कम्युनिष्ट वा विचार सिद्धान्तको मत पाएका होइनन् । भारतविरोधी मानसिकता विकास गर्न सकिन्छ यो देशमा भनेर नै त्यस्ता अभिव्यक्ति दिन केपी ओली माहिर छन् । केपी ओली पार्टी र जनताका बीच पनि अलोकप्रिय हुँदै गएको बेला फेरि एउटा नयाँ अभिव्यक्ति दिनुभयो कि भगवान रामको जन्मभूमि पर्साको ठोरीमा छ, नेपालमै राम जन्मेको भन्ने अभिव्यक्तिहरु दिएका छन् । भारतले पनि विवादित भूमिबारे वार्ता गर्नुपर्छ । तर प्रधानमन्त्री केपी ओलीले भारतका विरुद्धमा विभिन्न अभिव्यक्तिहरु दिएर वार्ताको वातावरण बिगारिरहेका छन् । केपी ओलीले भारतविरोधी अभिव्यक्तिहरु दिएर फेरि पनि सोझासाझा जनताको मत आफूतिर तान्न खोज्नुभएको हो । केपी ओलीको चलाखीपूर्ण अभिव्यक्तिका कारणले भारतसँग वार्ताको कुरा अगाडि बढिरहेको छैन । भारतलाई जसरी पनि चिढाइराख्ने, वार्ताको वातावरण नबनोस् र आफ्नो सत्ता टिकिरहोस् भन्ने मनसाय मात्रै केपी ओलीको रहेको छ । हामी कम्युनिष्ट हौं, धेरै राष्ट्रवादी हौं भन्ने खालका कुराहरु बोलेर आफ्नो भोटबैंक बनाएका हुन् । केपी ओलीको सैद्धान्तिक र वैचारिक दृष्टिकोणबाट भोट ल्याउने कुरा छैन ।

प्रचण्डको एउटा पुरानो भिडियो सार्वजनिक भएको छ । यिनीहरु भारतमा बसेर नेपालमा जसरी माओवादीको क्रान्ति अगाडि बढाएका थिए, जनताका हितमा पनि केही कामहरु भइरहेका थिए तर बढी अहितमा हुन गयो । जब प्रचण्डले सैद्धान्तिक दृष्टिकोण छोडे, नयाँ नेपाल निर्माण गर्ने कुरा छोडेपछि पतन भएर ओली शरणम् गएको हुनाले भारतसँग लागेर सत्तालाई ढाल्छ, मेरो कुर्सी फाल्दैछ भन्ने शंका गर्नु ओलीको स्वाभाविक कुरा होला । किनभने यिनका पनि कुर्सी कुनै बेला भारतले बसालिदिएको होला । त्यसकारणले केपी ओलीले भाषा बुझेका छन्, जनतामाथि विश्वास छैन । जनताले दिएको मतादेशबाट बनेको सरकारलाई कसले ढाल्न सक्छ ? आफ्नो जनता, पार्टी, देश र संसदलाई प्रधानमन्त्री ओलीले त आफैले समाल्नुपर्छ नि । आफूले सबैलाई सम्हालेर राखून्जेल मेरो नेतृत्व क्षमता हुन्छ नि । सहमतिमा राख्न सक्दैन भने तुरुन्त राजीनामा गर्नुपर्छ । त्यो खालका कुराहरु गर्नुपर्ने हिम्मत हुनुपर्ने हो । तर त्यो सिस्टममा न त यिनका पार्टीका विद्रोहीहरु हिंडिरहेका छन् न प्रधानमन्त्रीको पक्ष हिंडेका छन् । अहिले कोरोनाको बखतमा जनतालाई भुल्याउने, देश लुट्ने र शासनसत्तामा बसेर संवैधानिक पदहरु बाँडफाँड गर्ने दाउमा मात्रै छन् नेकपाका नेताहरु । अर्कण्य कार्यहरुतिर लागेर भ्रष्टाचारी गरेर फेरि अर्को चुनावमा जनतालाई मुर्ख बनाउने काममा लागेका छन् । पैसाकै बलमा चुनाव जित्न सकिन्छ भन्ने हिसावले अहिले क्रियाकलाप गरिरहेका छन् । तर जनताले यी कुराहरु थाहा पाइसकेका छन् । समस्त राष्ट्रको विकास कसरी हुनसक्छ भनेर एउटा नयाँ पार्टी, नयाँ विचार, नयाँ नेतृत्व छान्नु पर्ने कुरामा जनताले विचार गर्नुपर्ने हो ।

कसैले राजीनामा माग्यो भने दिइहाल्नुपर्ने काम गर्नु हुँदैन ।

*बाँकी तीन पृष्ठमा*

**कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना**

विश्वब्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस ( कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरूले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक
शाखा : सिंहदरबार परिसर
खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष
खाता नं.: १९६०००००११०१

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# विदेशबाट झण्डै आधा लाख नेपाली स्वदेश फर्किए

काठमाडौं, २६ साउन (रासस)।

कोभिड–१९ महामारीका कारण विदेशमा अफ्ठ्यारो अवस्थामा रहेका झण्डै आधा लाख नेपाली स्वदेश फर्किएका छन्। विभिन्न मुलुकबाट गरिएका उद्धार चार्टर्ड उडानमार्फत सोमबारसम्म ४९ हजार ८६१ नेपाली स्वदेश फर्किएका छन्। नेपालका नेपाल वायु सेवा निगम (नेपाल एयरलाइन्स) र हिमालय एयरलाइन्ससहित विभिन्न विदेशी वायुसेवा कम्पनीले नेपालीको उद्धार उडान गरी स्वदेश फर्काएका हुन्।

कोभिड–१९ सङ्कट व्यवस्थापन केन्द्र (सिसिएमसी) को यही साउन २५ गतेको विवरणअनुसार विभिन्न ३० मुलुकबाट भएको उद्धार उडानमार्फत ४८ हजार ८३२ नेपाली स्वदेश फर्किएका छन्। सोमबार थप ८४९ नेपाली स्वदेश फर्किएका छन्। सोमबार नेपाल फर्किएका यात्रुसहितको सङ्ख्या जोड्दा हालसम्म ४९ हजार ६८१ नेपाली स्वदेश फर्किएका हुन्।

विदेशमा अफ्ठ्यारो अवस्थामा रहेका नेपालीको विभिन्न एयरलाइन्सले उद्धार चार्टर्ड उडानमार्फत धमाधम स्वदेश फर्काएका छन्। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सोमबार आवागमन र प्रस्थान दुवै गरी आठ अन्तर्राष्ट्रिय चार्टर्ड उडान भएका छन्। नेपाल एयरलाइन्सले दुबईबाट २३९ र दोहाबाट १५१ नेपाल काठमाडौं ल्याएको छ।

हिमालय एयरलाइन्सले क्वालालम्पुरबाट १५६ र दोहाबाट १४९ यात्रु काठमाडौं ल्याएको छ। त्यस्तै फलाइ दुबई १५४ यात्रु नेपाल ल्याएको छ। थप नेपालीको उद्धार उडानका लागि नेपाल एयरलाइन्सको जहाज दोहा र हिमालयको जहाज चीनको कुनमिङ उडेको विमानस्थल कार्यालयले जनाएको छ। मङ्गलबार पनि विभिन्न मुलुकबाट नेपालीको उद्धारका लागि आगमन र प्रस्थान दुवै गरी ६ अन्तर्राष्ट्रिय चार्टर्ड उडान हुने विमानस्थलले जनाएको छ।

# १९ दिनदेखि अनशनरत विद्यार्थीको माग पूरा गर्न नेविसंघको माग

काठमाडौं, २६ साउन (रासस)।

नेपाली काँग्रेसको प्रमुख भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घले पोखरा विश्वविद्यालयमा १९ दिनदेखि रिले अनशन बसेका विद्यार्थीको माग तत्काल पुरा गर्न आग्रह गरेको छ।

नेविसङ्घका अध्यक्ष राजिव ढुङ्गानाले सोमबार एक विज्ञप्ति जारी गरी पोखरा विश्वविद्यालयमा १० महिनादेखि रिक्त उपकुलपति, रजिष्ट्रर, डिनलगायत पदाधिकारी पदमा तुरुन्त नियुक्ति प्रक्रिया अगाडि बढाउन माग गर्दै रिले अनशनमा बसेका विद्यार्थीको माग तत्काल पूरा गर्न आग्रह गर्नुभएको हो।

"१० महिनादेखि रिक्त रहेको पदाधिकारी नियुक्त प्रक्रिया तत्काल अगाडि बढाउन माग गरिरहेका बेला सरकार मौन बस्नु उदेकलाग्दो कुरा हो।", अध्यक्ष ढुङ्गानाद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

नेविसङ्घले त्रिभुवन विश्वविद्यालयअन्तर्गत विएससीएजी को ८औँ सेमेष्टर प्रणाली र नतिजा तुरुन्त प्रकाशन गर्नसमेत माग गरेको छ। यस्तै, पर्साको विरगञ्जमा सबै स्वास्थ्य संस्थाहरुमा नियमित स्वास्थ्य सेवा प्रदान गर्न माग गर्दै शान्तिपूर्ण आन्दोलनमा उत्रिएका विद्यार्थीलाई गिरफ्तार गरिएको भन्दै उक्त विद्यार्थीलाई तुरुन्त रिहा गर्नसमेत नेविसङ्घले माग गरेको छ।

नेविसङ्घका महामन्त्री दीपक भट्टराईले पोखरा विश्वविद्यालयलगायत देशका विभिन्न विश्वविद्यालयमा पदाधिकारी नियुक्त नहुँदा हजारौं विद्यार्थीको भविष्य अन्योलमा परेको भन्दै तत्काल पदाधिकारी नियुक्त गर्न माग गर्नुभयो। विश्वविद्यालयको शैक्षिक गतिविधि प्रभावित भएको भन्दै विद्यार्थीका माग सम्बोधन गर्न नेविसङ्घले शिक्षामन्त्रीको ध्यानाकर्षण गराइसकेको उहाँको भनाइ छ। नेविसङ्घले आफूले राखेका माग तत्काल सम्बोधन नभए कडा आन्दोलन गर्नेसमेत जनाएको छ।

*नेकपा विवाद : ...*

त्यसको प्रक्रिया छ। संसद बोलाउने, अविश्वासको मत प्रस्ताव दर्ता गराउनुपर्‍यो तिनीहरुले। त्यो गर्न सक्नुपर्‍यो नि त। प्रधानमन्त्री गलती गर्छन् भने छोड्नु भनेको यिनीहरु पनि भित्रभित्रै मिलेका छन्। जनतालाई ठग्ने, ढाँट्ने, लुटिरहने कुरामा यिनीहरु सबैको मिलिभगत हुनसक्छ।

गत निर्वाचनमा हामीले प्रदेश र संघीय निर्वाचनमा सफलता हासिल गर्न सकेनौं। तर, स्थानीय तहमा हामीले केही ठाउँमा जितेका छौं। निश्चितरुपमा हामीले प्रदेश र संघीय संसदको निर्वाचनमा असफल भयौं, यसको एउटा मात्रै कारण छ, जुन कारण फेरि पनि दोहोरिन सक्छ। वैचारिक र सैद्धान्तिक संघर्षमा लागेका हामी गरिब जनताको उत्थानका लागि, देशको विकासका लागि, न्यायका लागि हामी लडिरहेका छौं। अन्याय र अत्याचार गर्नेहरुको धनको लोभमा जनता फस्छन्, त्यसकारण हामी प्रदेश र संघीय निर्वाचनमा जित्न सकेनौं। यिनीहरुले चुनावका बेला कुखुरा, माछा, दारु र नोट दिए, त्यहीँअनुसार जनताले पनि भोट दिए। त्यसकारणले अहिले तिनीहरु शासनसत्तामा छन् र जनतामाथि उत्पीडन लाद्दै आएका छन्। तर, हामी नेपाली जनता दल संसदमा छैन भन्दैमा देशमै छैन भन्ने कुरा नगरौं। हामीले दैनिकरुपमा देश र जनताको पक्षमा उठाउँदै आएका छौं। *(साह नेपाली जनता दलका राष्ट्रिय अध्यक्ष हुन्) (मधेश दर्पण फिचर सेवा)*

*ट्याक्टरको ...*

उत्तरबाट दक्षिण तर्फ जादै गरेको स.८प. ४४७६ नं. को मोटसाइकललाई विपरीत दिशाबाट आउँदै गरेको नम्बर नखुलेको ट्र्याक्टरले ठक्कर दिँदा मोटरसाइकल चालक जिल्लाको हनुमाननगर कंकालनी नगरपालिका ४ गंगापुर बस्ने १९ वर्षिय मो. फारुकको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

यता शंकास्पद ट्र्याक्टर र मोटरसाइकललाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जनाएको छ।


## हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

आनुरोधकर्ता - सतिश कुमार सिंह
अध्यक्ष
तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी


## विश्व समाचार

# तालिबान अफगान सरकारसँग वार्ताका लागि तयार

काबुल, २६ साउन (रासस/एएनआई)।

अफगानिस्तानमा विगत लामो समयदेखि सशस्त्र हिंसा गरिरहेका तालिबानी लडाकूको समूह अफगानिस्तान सरकारसँग वार्ता गर्नका लागि तयार रहेको बताइएको छ।

उनीहरुका बन्दीलाई अफगानिस्तानको सरकारले मुक्त गरिदिएमा तालिबानी यसैहप्तामा नै सरकारसँग वार्तामा बस्न तयार भएको प्रवक्ता सुहिल साहिनाले बताएका छन्।

उनलाई उद्धृत गर्दै अफगानिस्तानको टोलो टेलिभिजनले भनेको छ कि सरकारले रिहा गर्नै भनेका तालिबानीका बन्दीलाई सरकारले रिहा गरिदिएमा उनीहरु वार्तामा बस्न तयार छन् र उनीहरु यसै हप्ता पनि वार्तामा बस्न तयार रहेका हुन्।

अफगानिस्तानको सरकारसँग अब हुने पहिलो चरणको वार्तामा उनीहरुका तर्फबाट यसअघि भएको वार्ताका प्रमुख सहयोगकर्ता अबास स्टानिकजाले नेतृत्व गर्ने जानकारी पनि तालिबानीले दिएका छन्। अब्बास तालिबानीका तर्फबाट यसअघि अमेरिकासँग भएको वार्ताका सहयोगकर्ता पनि हुन्।

यसअघि हालैमात्र अफगानिस्तानको लोया जिर्गाले अफगानिस्तानको सरकारी जेलमा रहेका ४०० जना तालिबानलाई रिहा गर्ने सम्बन्धी सरकारको प्रस्तावलाई स्वीकृति प्रदान गरेको थियो।

सरकारको यस निर्णयसँगै अफगानिस्तानमा तालिबानको समूहले सरकारसँग वार्ता गर्ने सहमति जनाएको हो। यसअघि केही महिना अघि अफगानिस्तान सरकार र तालिबानबीच वार्ता गर्ने सहमति भएको थियो।

केही महिनाअघि कतारको राजधानी दोहामा भएको अमेरिका, अफगानिस्तान र तालिबानबीच त्रिपक्षीय वार्ता भएको थियो।

त्यस वार्तामा भएको सहमति बमोजिम अफगान सरकारले आफ्ना बन्दी रिहा गरेकोले तालिबानीहरु सरकारसँग वार्तामा बस्न तयार भएको समाचारमा जनाइएको छ।

# विश्वमा कोरोना भाइरस संक्रमितको दुई करोड नाघ्यो

जेनेभा, स्वीट्जरल्याण्ड, २६ साउन (रासस/एएफपी)।

विश्वमा कोरोना भाइरस सङ्क्रमितको संख्या दुई करोड नाघेको छ। विश्व स्वास्थ्य (डब्लुएचओ)ले सोमबार दिएको जानकारीअनुसार विश्वमा दुई करोड २६ हजार २११ व्यक्ति कोरोना भाइरस सङ्क्रमित भएका छन्।

कोरोना भाइरस सङ्क्रमणको कारण विश्वभरी सात लाख ३४ हजार २५ जनाको मृत्यु भएको पनि सो सङ्गठनले जनाइएको छ। सोमबारसम्म विश्वभरीमा एक करोड २९ लाख ७५७ जना व्यक्ति कोरोना सङ्क्रमणबाट मुक्त भएका छन्।

विश्वभरमा हाल ६३ लाख ९१ हजार ५०५ व्यक्ति कोरोना भाइरस सङ्क्रमित रहेका र उनीहरुको उपचार भइरहेको छ। सङ्क्रमितमध्ये ६४ हजार ९९४ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ। चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस सङ्क्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ।

डब्लुएचओका अनुसार संयुक्त राज्य अमेरिकामा मात्र ५१ लाख ९९ हजार ४४४ जनामा कोरोना भाइरसका सङ्क्रमित रहेका छन्। यस प्रकोपका कारण अमेरिकामा एक लाख ६५ हजार ६१७ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ। दक्षिण अमेरिकामा ४७ लाख ५० हजार ४०४ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन्। यहाँ एक लाख ५९ हजार ७२९ जनाको मृत्यु भएको छ।

उत्तर अमेरिकामा ६१ लाख २० हजार ५१५ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन्। यहाँ दुई लाख ३४ हजार ८४५ जनाको मृत्यु भएको छ। युरोपमा ३० लाख ३६ हजार ७५२ जना कोरोना भाइरस सङ्क्रमित रहेका छन् भने दुई लाख छ हजार १४१ को मृत्यु भएको छ। एसिया ५० लाख ४२ हजार ४७० जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने एक लाख नौ हजार ६३१ जनाको मृत्यु भएको छ।

अफ्रिकामा दश लाख ५२ हजार ४० जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने २३ हजार ३२४ जनाको मृत्यु भएको छ। ओसियानामा २३ हजार ३०९ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने ३४० जनाको मृत्यु भएको छ।

# भारतका पूर्वराष्ट्रपति मुखर्जी कोरोना पोजेटिभ

नयाँदिल्ली, २६ साउन (रासस/एएनआइ)।

भारतका पूर्वराष्ट्रपति प्रणव मुखर्जीलाई कोरोना भाइरस पोजेटिभ देखिएको छ। सोमबार उहाँले आफूले कोरोना भाइरस जाँच गराउँदा पोजेटिभ देखिएको बताउनुभएको हो। उहाँले सोमबार आफूलाई भाइरस सङ्क्रमण भएकोले हालै आफूसँग सम्पर्कमा आएका व्यक्तिलाई भाइरसको परीक्षणको लागि अनुरोध गर्नुभएको छ। उहाँले गतसाता आफूसँग सम्पर्कमा आएका मानिसलाई अलगै बस्न र कोरोना परीक्षण गराउन अनुरोध गर्नुभएको छ।

# मास्क प्रयोग नगर्ने चार लाख व्यक्ति कारबाहीमा

काठमाडौँ, २६ साउन (रासस)।
सरकारले मास्क प्रयोग नगर्ने तीन लाख ९५ हजार व्यक्तिलाई नियन्त्रणमा लिएर कारबाही गरेको छ।

सरकारले नेपालमा फैलँदै गएको कोभिड-१९ का कारण बन्दाबन्दी गरेपछि मास्कको प्रयोग नगर्ने देशभरका व्यक्तिलाई नियन्त्रणमा लिई सम्झाईबुझाई छोड्नाका साथै जरिवनासमेत गरेको हो।

अनुमति विना काठमाडौँ उपत्यका प्रवेश गर्न खोज्ने सात हजार ६०० सवारी साधन र करीब १९ हजार ४०० यात्रुलाई प्रवेश नाकाबाटै फिर्ता गरिएको गृह मन्त्रालयका प्रवक्ता, सहसचिव चक्रबहादुर बुढाले जानकारी दिनुभयो। यस्तै तोकिएको निर्देशन विपरीत हालसम्म सवारी चलाउने करीब एक लाख ३७ हजार दुईपाङ्ग्रे र चारपाङ्ग्रे सवारी साधनलाई होल्ड गर्नाका साथै जोरबिजोर प्रणाली नमान्ने पाँच हजार ३०० सवारी साधनलाई कारबाही गरिएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयले कोभिड-१९ को बढ्दो सङ्क्रमण नियन्त्रणका लागि जारी निर्देशनको कडाइपूर्वक कारबाही गर्ने कार्य निरन्तर जारी रहेको जनाएको छ। सरकारले कोभिड-१९ नियन्त्रणका लागि स्वास्थ्य मन्त्रालयद्वारा जारी जनस्वास्थ्य मापदण्ड र गृह मन्त्रालयद्वारा जारी सुरक्षा मापदण्डको पूर्ण रूपमा पालना गर्न सबैलाई आग्रहसमेत गरेको छ।

गृह मन्त्रालयले यातायातमा जोरबिजोर प्रणालीको पालना गर्ने, अनिवार्यरूपमा माक्सको प्रयोग गर्नेलगायत निर्देशनलाई प्रभावकारी रूपमा कार्यान्वयन गराउन सबैलाई निर्देशनसमेत दिएको छ।

# जनकपुरका मृतकमा कोरोना पुष्टि

धनुषा, २६ साउन (रासस)।
जनकपुरधाममा आइतबार मृत्यु भएका दुईमध्ये एक जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

जनकपुरधामस्थित विनय तारा फाउन्डेसन क्यान्सर अस्पतालमा मृत्यु भएको सोही अस्पतालका सुरक्षा गार्डसमेत रहेका धनुषा मिथिला विहारीका ४७ वर्षीय पुरुषमा कोरोना सङ्क्रमण पुष्टि भएको हो।

रुघाखोकी र पखालासँगै ज्वरोसमेत आउने गरेका कारण गाउँमै औषधि खाइरहेको अवस्थामा आइतबार बिहान अचानक श्वासप्रश्वासमा समस्या भएपछि अस्पताल पुर्‍याउने बित्तिकै उनको मृत्यु भएको थियो। उनको आइतबार नै दाहसंस्कार गरिसकिएको छ।

त्यसैगरी काव्या हस्पिटलमा मृत्यु भएको शहीदनगर नगरपालिकाका पुरुषमा भने कोरोना सङ्क्रमण पुष्टि भएको छैन्‌ उनको स्वाब नमूना परीक्षणको नतिजा नेगेटिभ आएको छ। उनी मुटु र दमका रोगी थिए। काव्या अस्पतालले पनि उनमा कोरोनाको कुनै लक्षण नरहेको दाबी गर्दै आएको थियो। उनको पनि परिवारजनको जिम्मा लगाएर दाहसंस्कार भइसकेको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम भट्टराईले जानकारी दिनुभयो।

# प्रधानन्यायाधीशलाई १७ बुँदे ध्यानाकर्षणपत्र

काठमाडौँ, २६ साउन (रासस)।
नेपाल बार एसोसिएशनले प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरालाई सोमबार १७ बुँदे ध्यानाकर्षणपत्र बुझाएको छ।

ध्यानाकर्षणपत्रमा न्याय क्षेत्रभित्रका विसंगति, विकृति, विचौलिया र भ्रष्टाचार नियन्त्रण गर्न बारको प्रतिनिधि सम्मिलित एउटा विशेष संयन्त्र अविलम्ब गठन गर्नुपर्ने, न्यायाधीश नियुक्ति, न्यायलयमा हुने सबै प्रकारका राजनीतिक हस्तक्षेप निषेध र अस्वीकार गर्नुपर्ने रहेको छ।

वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्दा बारको सुझावलाई गम्भीरतापूर्वक नलिएको, मुख्य न्यायाधीश, मुख्य भई काम गर्ने न्यायाधीश वा न्यायाधीश नियुक्ति गर्दा निश्चित आधार, कारण र मापदण्ड आधारमा गरिनुपर्ने अदालतमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको प्रवेश र प्रभावलाई तत्काल नियन्त्रण गर्नुपर्ने रहेको छ।

ध्यानाकर्षण पत्रमा अदालतका आदेश, फैसलाको कार्यान्वयन तत्काल गरी न्याय भएको अनुभूति दिलाउनुपर्ने, दैनिक तथा साप्ताहिक पेशी सूचीमा मुद्दा स्थगित हुँदा समान प्रकृतिका मुद्दामा समान आधार र कारणका आधारमा स्थगित गर्नुपर्नेलगायत रहेको छ। बारका महासचिव लिलामणि पौडेलले बारले प्रधानन्यायाधीशलाई समग्र न्यायलयको सुधारका लागि १७ बुँदे ध्यानाकर्षणपत्र बुझाएको जानकारी दिनुभयो।


# सूचना

**नोभल कोरोना भाईरस (कोभिड(१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरूलाई सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

आनुरोधकर्ता – **हरेराम यादव**
**अध्यक्ष**
**रूपनी गाउँपालिका, सप्तरी**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु →
ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*